# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४५) काठमाडौं, चैत २३ गते २०५२ साल (अतिरिक्ताङ्क ५२

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम न्याय परिषद्को सिफारिशमा २०५३ साल बैशाख १ गतेबाट लागू हुने गरी निम्न लिखित पुनरावेदन अदालतहरूका मुख्य न्यायाधीशहरूलाई निम्न लिखित पुनरावेदन अदालतमा सरुवा गरिबक्सेको छ ।

१ पुनरावेदन अदालत पाटनका मुख्य न्यायाधीश श्री हरिश्चन्द्रप्रसाद उपाध्याय सर्वोच्च अदालतको अस्थायी न्यायाधीशमा नियुक्ति हुनु भएकोले उहाँको पदाधिकार पुनरावेदन अदालत बाग्लुङको मुख्य न्यायाधीश पदमा ।

२ पुनरावेदन अदालत इलामका मुख्य न्यायाधीश श्री राजेन्द्रराज नाख्वा सर्वोच्च अदालतको अस्थायी न्यायाधीश पदमा नियुक्ति हुनु भएकोले उहाँको पदाधिकार पुनरावेदन अदालत महेन्द्रनगरको मुख्य न्यायाधीश पदमा ।

३. पुनरावेदन अदालत विराटनगरका मुख्य न्यायाधीश श्री भैरवप्रसाद लम्साललाई पुनरावेदन अदालत जनकपुरको मुख्य न्यायाधीश पदमा ।

४. पुनरावेदन अदालत हेटौंडाका मुख्य न्यायाधीश श्री गोपालप्रसाद खत्रीलाई पुनरावेदन अदालत विराटनगरको मुख्य न्यायाधीश पदमा ।

५. पुनरावेदन अदालत नेपालगंजको मुख्य न्यायाधीश श्री केदारप्रसाद गिरीलाई पुनरावेदन अदालत पाटनको मुख्य न्यायाधीश पदमा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

542

## सूचना २

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम न्याय परिषद्को सिफारिशमा २०५३ साल वैशाख १ गतेबाट लागू हुने गरी निम्न लिखित पुनरावेदन अदालतहरूका मुख्य न्यायाधीश पदमा देहायबमोजिम नियुक्ति गरिबक्सी पदस्थापनसमेत गरिबक्सेको छ।

१. पुनरावेदन अदालत दिपायलका न्यायाधीश श्री चन्द्रप्रसाद पराजुलीलाई पुनरावेदन अदालत इलामको मुख्य न्यायाधीश पदमा।

२. पुनरावेदन अदालत बुटवलका न्यायाधीश श्री बलिराम कुमारलाई पुनरावेदन अदालत तुलसीपुरको मुख्य न्यायाधीश पदमा।

३. पुनरावेदन अदालत पाटनका न्यायाधीश श्री मीनबहादुर रायमाझीलाई पुनरावेदन अदालत हेटौंडाको मुख्य न्यायाधीश पदमा।

४. पुनरावेदन अदालत नेपालगंजका न्यायाधीश श्री रामप्रसाद श्रेष्ठलाई पुनरावेदन अदालत नेपालगंजको मुख्य न्यायाधीश पदमा।

५. पुनरावेदन अदालत इलामका न्यायाधीश श्री शारदाप्रसाद पण्डितलाई पुनरावेदन अदालत दिपायलको मुख्य न्यायाधीश पदमा।

६. पुनरावेदन अदालत विराटनगरका न्यायाधीश श्री खिलराज रेग्मीलाई पुनरावेदन अदालत जुम्लाको मुख्य न्यायाधीश पदमा।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

अधिकारप्राप्त मुद्रित प्रतिमा मात्र लागु हुनेछ।
548